## राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको

# विधान - २०५०

## (एघारौं केन्द्रीय महाधिवेशन २०७९ ले गरेको संसोधनसहित)




## राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल

# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको

# विधान – २०५०

(एघारौँ केन्द्रीय महाधिवेशन २०७९ ले गरेको संसोधनसहित )

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल

# विषयसुचि


| विषय | | पृष्ठ नं. |
|---|---|---|
| परिच्छेद -एक | संक्षिप्त नाम र प्रारम्भ | ३ |
| परिच्छेद -दुई | परिभाषा | ३ |
| परिच्छेद -तीन | ट्रेड यूनियनको नाम र ठेगाना | ५ |
| परिच्छेद -चार | संघ स्वशासित र संगठित | ५ |
| परिच्छेद -पाँच | संघको अधिकार | ५ |
| परिच्छेद -छ | उद्देश्य र कार्यहरु | ६ |
| परिच्छेद -सात | सदस्यता | ८ |
| परिच्छेद -आठ | संगठनात्मक स्वरुप | १० |
| परिच्छेद -नौ | पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार | १६ |
| परिच्छेद -दश | अधिवेशन र समितिको काम, कर्तव्य र अधिकार | २० |
| परिच्छेद -एघार | पद रिक्तता, पदपूर्ति र राजिनामा सम्बन्धी व्यवस्था | २५ |
| परिच्छेद -ब्राह | निर्वाचन, कार्यकाज र विघटन सम्बन्धी व्यवस्था | २६ |
| परिच्छेद -तेह्र | महाधिवेशन, अधिवेशन र बैठक सम्बन्धी कार्यावधी | २८ |
| परिच्छेद -चौध | संघको कोष सञ्चालन तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था | ३० |
| परिच्छेद -पन्ध्र | निलम्बन तथा कारवाही | ३२ |
| परिच्छेद -सोह्र | विविध | ३६ |
| अनुसूचि - एक | संघको छाप | ४१ |
| अनुसूचि - दूई | शपथ ग्रहणको व्यहोरा | ४२ |
| अनुसूचि - तीन | परिच्छेद १२ दफा २८ ९ सँग सम्बन्धित | ४३ |

# राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल
# विधान – २०५०

**प्रस्तावना**

राष्ट्रिय वाणिज्य बैंक[१] लिमिटेडका सम्पूर्ण कर्मचारीहरूको विशुद्ध पेसागत हकहितको संरक्षण एवम् सम्वर्द्धन हुन सकोस् भन्ने हेतुले पेसागत महासंघ नेपालमा आबद्ध[२] ट्रेड युनियन संघमा रही कर्मचारीहरूबिचको सङ्गठनात्मक एकताका माध्यमद्वारा पेसागत सुनिश्चितता प्रदान गर्दै कार्यदक्षतामा अभिवृद्धि ल्याई संस्थागत विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यद्वारा अभिप्रेरित भई राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत २०४७ सालदेखि नै कर्मचारीहरू सङ्गठित हुँदै आएकामा नेपाल सरकारले प्रतिष्ठानमा ट्रेड युनियन ऐन - २०४९ लागू गरेको सन्दर्भमा संघका सबै सदस्यहरू समान हुने गरी प्रतिष्ठानस्तरको ट्रेड युनियनको आवश्यकता महसुस भएकाले ट्रेड युनियन ऐन २०४९ र ट्रेड युनियन नियमावली २०५० अन्तर्गत रहने गरी यो विधान तर्जुमा गरिएको छ ।

## परिच्छेद – १

१. सङ्क्षिप्त नाम र प्रारम्भ

१.१ यस विधानको नाम 'राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको विधान २०५०' हुने छ ।

१.२ यो विधान महाधिवेशनले पारित गर्दाको मितिदेखि लागू हुने छ ।

## परिच्छेद – २

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

२.१ 'ऐन' भन्नाले ट्रेड युनियन ऐन २०४९ र श्रम ऐन २०४८ लाई बुझ्नुपर्दछ ।

२.२ 'ट्रेड युनियन नियमावली' भन्नाले ट्रेड यूनियन नियमावली २०५० लाई बुझ्नुपर्दछ ।

२.३ 'नियमावली' भन्नाले यस विधानको अधीनमा रही बनाइने नियमावलीलाई बुझ्नुपर्दछ ।

२.४ 'पञ्जिकाधिकारी' भन्नाले नेपाल सरकार[३]द्वारा तोकिएको अधिकारीलाई बुझ्नुपर्दछ ।

२.५ 'बैंक' भन्नाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड[४]लाई बुझ्नुपर्दछ ।

२.६ 'कर्मचारी' भन्नाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड[५]मा कार्यरत स्थायी, अस्थायी, करार तथा पारिश्रमिक कर्मचारीहरूलाई बुझ्नुपर्दछ ।

२.७ 'संघ' भन्नाले राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाललाई बुझ्नुपर्दछ ।

२.८ 'सदस्य' भन्नाले संघका साधारण, आजीवन र मानार्थ सदस्य समेत बुझ्नुपर्दछ । यस विधानको प्रयोजनका लागि आजीवन सदस्य साधारण सदस्य सरह हुने छ ।

२.९ 'कार्यकारिणी' भन्नाले यस विधानको दफा-१२ बमोजिमको समितिलाई बुझ्नुपर्दछ । यस शब्दले प्रदेश, जिल्लाका कार्यकारिणी समिति समेतलाई बुझ्नुपर्दछ ।

२.१० 'विधान' भन्नाले संघको विधान २०५० लाई बुझ्नुपर्दछ ।

२.११ 'तोकिए वा तोकिएबमोजिम' भन्नाले यस विधानको अधीनमा रही बनेका वा बन्ने नियम विनियमहरूमा उल्लेख भएका कुराहरूलाई समेत बुझ्नुपर्दछ ।

२.१२ 'समिति' भन्नाले यस विधान अनुरूप गठित समितिलाई बुझ्नुपर्दछ।

२.१२ 'आधिकारिक प्रतिनिधि' भन्नाले संघले तोकेको व्यक्ति बुझ्नुपर्दछ ।

२.१४ 'पदाधिकारी' भन्नाले संघका सम्पूर्ण निकायमा निर्वाचित पदाधिकारीलाई बुझ्नुपर्दछ ।

२.१५ 'सल्लाहकार' भन्नाले संघको कुनै पनि निकायका सल्लाहकारलाई बुझ्नुपर्दछ ।

२.१६ ‘अधिवेशन’ भन्नाले यस विधानअनुरूप बोलाइने केन्द्रीय महाधिवेशन लगायत सबै अधिवेशनलाई जनाउने छ ।

## परिच्छेद – ३

### ३. ट्रेड युनियनको नाम र ठेगाना :

३.१ यस ट्रेड युनियनको नाम ‘राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल’ रहने छ । अङ्ग्रेजीमा यसलाई Rastriya Banijya Bank Employee's Association Nepal भनिने छ । छोटकरीमा RABBEA, Nepal भनिने छ ।

३.२ संघको केन्द्रीय कार्यालय काठमाडौँमा रहनेछ । अन्य कार्यालयहरू सम्बन्धित अधिवेशनले तोकेको स्थानमा रहनेछन ।

## परिच्छेद – ४

### ४. संघ स्वशासित र सङ्गठित संस्था हुने :

४.१ संघ अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित संस्था हुने छ ।

४.२ संघले व्यक्तिसरह चल-अचल सम्पत्ति खरिद गर्न, प्राप्त गर्न, भोग गर्न, बेचबिखन गर्न र अन्य कुनै पनि प्रकारले उपभोग गर्न सक्ने छ ।

४.३ संघका तर्फबाट कसै उपर नालिस उजुर गर्न र अरू कसैले पनि संघ उपर नालिस उजुर गर्न सक्ने छ ।

४.४ संघको कामकारबाहीलाई नियमित गर्नका लागि छुट्टै छाप, चिन्ह, झण्डा अनुसूची - १ मा उल्लेख भएबमोजिम हुने छ ।

## परिच्छेद – ५

### ५. संघको अधिकार

५.१ बैंक व्यवस्थापनबाट कर्मचारीहरूको हकहित र संस्थाको सम्वर्द्धनका सवालमा गठन हुने कार्यदल, आयोग तथा कर्मचारी एवम् संस्थागत सम्बन्धी नियमावली निर्माण एवम् संशोधन गर्दा प्रतिनिधित्व गर्ने अधिकार यस संघलाई हुने छ ।

५.२ अन्य संघ संस्था वा निकायसँग सम्पर्क कायम गर्ने अधिकार संघको केन्द्रीय समितिलाई हुने छ ।

५.३ व्यवस्थापनको सम्बन्धित निकायसँग बैंक र कर्मचारीका समस्याहरूबारे छलफल गर्ने अधिकार संघको सम्बन्धित समितिलाई हुने छ । सोभन्दा माथिका निकायहरूमा छलफल गर्ने अधिकार केन्द्रीय समिति वा केन्द्रीय समितिले तोकेको व्यक्तिलाई हुने छ ।

५.४ कुनै निर्णय लिने र निर्देशन दिने अधिकार केन्द्रीय समितिलाई हुने छ । सोको पालना गर्नु मातहतका समितिहरूको कर्तव्य हुने छ ।

५.५ संघको केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू र प्रारम्भिक समितिका अध्यक्ष र सचिवहरूलाई निजहरूको संघमा पदावधि कायम रहेसम्म निजहरू रहेको समिति वा केन्द्रीय समितिको सहमतिविना निर्धारित कार्यक्षेत्र बाहिर सरुवा गर्न पाइने छैन ।

५.६ बैंकको सञ्चालक समिति गठन हुँदा वा गठन भइसकेको सञ्चालक समितिमा कर्मचारी संघबाट प्रतिनिधित्व गराउनुपर्ने छ । यस्तो प्रतिनिधिको चयन केन्द्रीय समितिले मात्र गर्न सक्ने छ ।

## परिच्छेद – ६

## ६. संघको उद्देश्य र कार्यहरू

**६.१ विधानको प्रस्तावनामा उल्लेख भएका आधारभूत लक्ष्य प्राप्तिका लागि निम्नानुसारका उद्देश्यहरू रहने छन् :**

(क) कर्मचारीहरूको पेसागत हक हितको सूनिश्चितता प्रदान गर्नु ।

(ख) बैंकको सम्वर्द्धन र विकासमा योगदान पु¥याउनु ।

(ग) कर्मचारीहरूलाई कर्मव्यनिष्ठ र अनुशासित बनाउन प्रयत्नशील रहनु ।

(घ) कर्मचारीहरूको हितलाई ध्यानमा राख्दै व्यवस्थापन र कर्मचारीहरूबिच समन्वय गर्न प्रयत्नरत रहनु ।

(ङ) कर्मचारीहरूको आर्थिक, सामाजिक तथा बौद्धिक समुन्नतिका लागि विविध किसिमका कार्यहरू गर्नु ।

(च) पेसागत रूपमा अधिकतम कर्मचारीहरूलाई यस संघमा सङ्गठित गर्न प्रयत्नशील रहनु ।

(छ) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सामाजिक दायित्व पूरा गर्न सङ्गठित रूपमा प्रयत्नरत रहनु ।

(ज) यो संघ मुनाफारहित जनहितकारी सामाजिक विकास हेतु स्थापित संस्था हुने छ ।[६]

(झ) नेपाल सरकारको आर्थिक ऐन र आयकर ऐनको अधीनमा रही संस्थागत आर्थिक कारोबार सञ्चालन गर्नु ।[७]

(ञ) सम्पत्ति, दायित्व, आयव्यय, नगद प्रवाह विवरण तयार गर्नु, लेखा नीति पारित गर्नु र सोको पालना गर्न प्रतिबद्ध रहनु ।[८]

(ट) संघको प्रत्येक आर्थिक वर्षको हिसाबकिताब पारदर्शी राख्नु र आवश्यक निर्णय गरी कर छुट प्रमाणपत्र लिएर आर्थिक कारोबार सञ्चालन गर्नु ।[९]

(ठ) प्राकृतिक प्रकोप, स्वास्थ्य उपचार लगायतका मानवीय कार्य गर्न अलग्गै कोष सञ्चालन गर्नु ।[१०]

## ६.२ विधानमा उल्लिखित उद्देश्यहरूलाई परिपूर्ति गर्न देहायबमोजिमका कार्य गर्ने :

(क) विद्यमान श्रम ऐन तथा ट्रेड युनियन ऐनले प्रदान गरेको अधिकारको प्रयोग गरी कर्मचारीहरूको सामूहिक तथा पेसागत समस्याहरू समाधानका लागि आवश्यकताअनुसार दबाबमूलक कदम उठाउने ।

(ख) निष्पक्ष, गतिशील व्यवस्थापन र स्वच्छ आर्थिक क्रियाकलापको पक्षमा सक्रिय रहने ।

(ग) कर्मचारीहरूको भलाई र व्यक्तित्व विकास हुन सक्ने एवम् संस्थागत

विकासमा टेवा पुग्ने कार्यक्रमको खोजी गरी कार्यान्वयनका लागि प्रयत्नशील रहने ।

(घ) पेसागत ट्रेड युनियन संघ र महासंघमा आबद्ध हुने ।

(ङ) राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने कार्यमा बैंकलाई सक्रिय गराउन प्रयास गर्ने ।

(च) बौद्धिक तथा शारीरिक विकासका लागि रचनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने ।

(छ) संघलाई प्रतिष्ठानस्तरको ट्रेड युनियनका रूपमा सुदृढ ढङ्गले परिचालन गरी आधिकारिक ट्रेड युनियनको अधिकार हासिल गर्ने ।

(ज) कर्मचारी नियुक्ति, पदोन्नति तथा वृत्ति विकाससँग सम्बन्धित नियमका कुराहरूमा व्यवस्थापनलाई सल्लाह र सुझाव दिने ।

(झ) बैंक कर्मचारी र कर्मचारीका परिवारको हित हुने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सङ्गठनहरूसँग विचार समानताका आधारमा सम्बन्ध स्थापना गर्ने ।

(ट) कर्मचारीहरूका तर्फबाट सामूहिक सौदाबाजी गर्ने ।

## परिच्छेद – ७

### ७. सदस्यता

७.१ संघमा आजीवन सदस्य, साधारण सदस्य र मानार्थ सदस्य रहने छन् ।

७.२ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका[११] व्यवस्थापन तह, त्यसको विभाग, शाखा, उपशाखा तथा इकाईको प्रमुख भई काम गर्ने कर्मचारीहरू बाहेक अन्य सम्पूर्ण कर्मचारीहरूले संघको आधिकारिक प्रतिनिधिबाट यस संघको विधानबमोजिम सदस्यता लिन सक्ने छन् । तर यस बैंकको अन्य कुनै प्रतिष्ठानस्तरको ट्रेड युनियनको सदस्यता प्राप्त

कर्मचारीहरू उक्त ट्रेड युनियनको सदस्यता परित्याग गरेपश्चात् मात्र यस संघको सदस्यता लिन योग्य हुने छन् ।

७.३ बैंकका भूतपूर्व कर्मचारीहरू र ऐन, नियमावलीबमोजिम सदस्यता दिन सकिने व्यक्तिलाई मानार्थ सदस्यता दिने अधिकार केन्द्रीय समितिलाई हुने छ । केन्द्रीय समितिले आवश्यकताअनुसार अन्य समितिलाई अख्तियारी प्रत्यायोजन गर्न सक्ने छ ।

७.४ साधारण सदस्यता शुल्क वार्षिक रु. १००।- (सय) हुने छ। वार्षिक लेबी कम्तीमा रु. १०००।- (एक हजार) सबै सदस्यले बुझाउनुपर्ने छ । तर आजीवन सदस्यले वार्षिक सदस्यता शुल्क बुझाउनुपर्ने छैन ।[१२]

७.५ सदस्यता नवीकरण प्रत्येक वर्षमा गरिने छ । यसरी नवीकरणको अवधि गणना गर्दा केन्द्रीय समितिले निर्धारण गरेअनुरूप हुने छ ।[१३]

७.६ सदस्यता शुल्क बापतको रकम हेरफेर गर्ने अधिकार केन्द्रीय परिषद् तथा महाधिवेशनलाई रहने छ ।

७.८ आजीवन सदस्यता केन्द्रीय समितिले मात्र दिन सक्ने छ ।

७.९ आजीवन सदस्यता शुल्क रु. ५,०००।- (पाँच हजार) मात्र हुने छ ।[१४]

७.१० यस संघको हित हुने कार्यमा कुनै प्रकारको योगदान पुऱ्याउने स्वदेश वा विदेशका व्यक्तिहरूलाई केन्द्रीय महाधिवेशनले उचित ठहराएमा मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ ।

## ८. सदस्यको आचरण

८.१ यस विधानको प्रस्तावनामा उल्लिखित सिद्धान्त र परिच्छेद-६ को उद्देश्य विपरीत हुने कार्य गर्न गराउन पाइने छैन ।

८.२ संघलाई प्रभावकारी र सुदृढ बनाउन स्वस्थ एवम् रचनात्मक सुझाव दिन र स्वस्थ आलोचना गर्न पाइने छ । तर संघको

गरिमा र प्रतिष्ठामाथि आँच आउने गतिविधि गर्न, गराउन एवम् पदाधिकारी तथा सदस्यहरूको असङ्गत ढङ्गले आलोचना, विरोध तथा चरित्रहत्या हुने खालका गतिविधि गर्न, गराउन पाइने छैन ।

८.३ संघले पारित गरेका निर्णयहरू पालना गर्नु, गराउनु पर्ने छ ।

८.४ बैंकको सेवालाई राजनीतिबाट टाढै राखी पेसालाई प्रतिष्ठित बनाउन प्रयत्नरत रहनुपर्ने छ र आफू कार्यरत संस्थाको हित विपरीत क्रियाकलाप गर्न, गराउन पाइने छैन ।

८.५ संघको गोपनीयतालाई कायम राख्नुपर्ने छ ।

८.६ सदस्यहरूको आपसी हित, सम्बन्ध धमिल्याउने र आपसमा कटुता उत्पन्न गर्ने कुनै काम गर्न, गराउन पाइने छैन ।

८.७ उपरोक्त ८.१ देखि ८.६ सम्मका आचरणहरूसम्बन्धी व्यवस्था समितिका पदाधिकारी तथा सदस्यहरूलाई लागू हुने छ ।

## परिच्छेद – ८

### ९. सङ्गठनात्मक स्वरूप

संघको सङ्गठनात्मक स्वरूप देहायबमोजिम हुने छ ।

### ९.१ प्रारम्भिक अधिवेशन

प्रत्येक कार्यालयमा यस विधानको परिच्छेद-७ अनुसारको साधारण र आजीवन सदस्यता प्राप्त कर्मचारीहरूको एक प्रारम्भिक अधिवेशन रहने छ ।

### ९.२ प्रारम्भिक समिति[१५]

प्रत्येक शाखामा अधिकतम सात जनासम्मको (अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष सहितको) प्रारम्भिक समिति गठन गर्न सकिने छ । प्रारम्भिक समिति नभएका शाखामा साधारण सदस्यबाट संयोजक तोक्न सक्ने अधिकार सम्बन्धित प्रदेश समितिलाई हुनेछ ।

## ९.३ जिल्ला अधिवेशन[१६]

जिल्लाभरिका शाखा कार्यालयहरूमा रहेका संघका सम्पूर्ण सदस्यहरूको प्रतिनिधित्व भएको एक जिल्ला अधिवेशन रहने छ ।

## ९.४ जिल्ला समिति

यस विधानको दफा ९.३ बमोजिमको अधिवेशनले यस विधानको अन्य दफासँग नबाझिने गरी आवश्यकताका आधारमा बढीमा ९ जनासम्मको एक जिल्ला समिति गठन गर्ने छ । प्रारम्भिक समितिका अध्यक्षहरू जिल्ला समितिका पदेन सदस्य हुने छन् । जिल्ला समिति गठन गर्न एक जिल्लामा कम्तीमा २ वटा कार्यालय रहनुपर्ने छ ।

## ९.५ प्रदेश अधिवेशन[१७]

दफा ९.७ मा व्यवस्था भएअनुसारका क्षेत्रहरूमा सदस्य सङ्ख्याका आधारमा छानिएका प्रतिनिधिहरूको एक प्रदेश अधिवेशन हुने छ । अधिवेशनमा समानुपातिक प्रतिनिधित्व देहायबमोजिम हुने छ ।

१ देखि ३ जना सदस्य भएको कार्यालयबाट – १ जना
४ देखि ६ जना सदस्य भएको कार्यालयबाट – २ जना
७ देखि १० जना सदस्य भएको कार्यालयबाट – ३ जना
११ देखि माथि प्रत्येक ५ जना सदस्य बराबर – १ जना थप
जिल्ला समितिका अध्यक्ष - पदेन प्रतिनिधि
प्रदेश सल्लाहकार समितिका सदस्य - पदेन प्रतिनिधि (बढीमा ७ जना) ।

स्पष्टीकरण : तर केन्द्रीय कार्यालय विशेष प्रदेश समितिको हकमा सबै साधारण सदस्य प्रतिनिधि हुने छन् ।

९.६.१ [१८]प्रदेश अधिवेशनका लागि प्रदेश समितिले बढीमा ५ जना प्रतिनिधि मनोनयन गर्न सक्ने छ, जसमध्ये ३ जना महिला प्रतिनिधि हुनुपर्ने छ ।

९.७[१९] संघको कार्यलाई व्यवस्थित गर्न देहायबमोजिमको कार्यक्षेत्र रहने गरी प्रदेश समितिको गठन र नामकरण गरिने छ । संघीय संरचनाअनुसार स्थापना हुने प्रदेशको संरचनाबमोजिमको संघको संरचना आवश्यकताका आधारमा थपघट गर्ने अधिकार केन्द्रीय समितिलाई हुने छ ।

**प्रदेश समितिको नाम तथा कार्यक्षेत्र :**

कोशी प्रदेश - कोशी प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
मधेश प्रदेश - मधेश प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
बागमती प्रदेश - बागमती प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
गण्डकी प्रदेश - गण्डकी प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
लुम्बिनी प्रदेश - लुम्बिनी प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
कर्णाली प्रदेश - कर्णाली प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
सुदूर पश्चिम प्रदेश - सुदूर पश्चिम प्रादेशिक कार्यालय र अन्तर्गतका कार्यालयहरू
केन्द्रीय कार्यालय (विशेष प्रदेश) - केन्द्रीय कार्यालय, मु.शा.का. र कर्पोरेट शाखा

## ९.९ प्रदेश समिति[२०]

प्रदेश अधिवेशनका प्रतिनिधिहरूमध्येबाट अधिकतम निम्नानुसारका पदाधिकारीहरू रहेको प्रदेश समिति रहने छ ।

| | |
|---|---|
| अध्यक्ष | – १ |
| उपाध्यक्ष | – १ |
| सचिव | – १ |
| उपसचिव | – २ |
| कोषाध्यक्ष | – १ |
| सहकोषाध्यक्ष | – १ |
| सदस्य | – १४ |
| जम्मा | – २१ |

जिल्ला समितिका अध्यक्ष - पदेन सदस्य[२१]

**स्पष्टीकरण :** प्रदेश समितिमा कम्तीमा २ जना महिला अनिवार्य हुनुपर्ने छ । यसरी प्रदेश अधिवेशनमा सो समितिको निर्वाचन हुँदा आफ्नो कार्यक्षेत्रलाई भौगोलिक अवस्था, कर्मचारीहरूको सङ्ख्या, साङ्गठनिक कार्य आदि कुराहरूलाई ध्यानमा राखी प्रदेश समितिले विभिन्न क्षेत्रमा विभाजन गरी कार्यक्षेत्र तोक्ने छ । सम्बन्धित क्षेत्र नै निजहरूको कार्यक्षेत्र रहने छ र आफ्नो कार्यकाल सम्बन्धित क्षेत्रमा नै रही पूरा गर्न(पर्ने छ । यदि एउटा कार्यक्षेत्रमा दुई वा दुईभन्दा बढी उम्मेदवार भएको खण्डमा दफा ९.५ को अधिवेशनबाट निर्वाचित हुनुपर्ने छ ।

## १०. महाधिवेशन[२२]

१०.१ राष्ट्रिय वाणिज्य बैंक लि.का कार्यालयहरूबाट देहायबमोजिमका प्रतिनिधिहरू भएको एक महाधिवेशन रहने छ, जसमा समानुपातिक प्रतिनिधित्व देहायबमोजिम हुने छ ।

(क) १ देखि ५ जनासम्म सदस्य भएको कार्यालयबाट - १ जना

(ख) ६ देखि १० जनासम्म सदस्य भएको कार्यालयबाट - २ जना

(ग) ११ देखि १७ जनासम्म सदस्य भएको कार्यालयबाट - ३ जना

(घ) १८ देखि २५ जनासम्म सदस्य भएको कार्यालयबाट - ४ जना

(ङ) २६ देखि माथि हरेक १० जना सदस्य बराबर १ जनाका दरले प्रतिनिधि थप गर्दै जाने । तर २६ भन्दा माथि १ जना प्रतिनिधि थप गर्नका लागि १० जना हुनुपर्ने छ ।

(च) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू

(छ) केन्द्रीय समितिबाट मनोनीत (कम्तीमा ३ जना महिला अनिवार्य) - ७ जना

(ज) केन्द्रीय समितिका सल्लाहकार - पदेन (बढीमा ९ जना)

(झ) केन्द्रीय लेखा परीक्षण समितिका सदस्य - ३ जना

आफ्नो कार्यक्षेत्रभित्रबाट तोकिएको सङ्ख्यामा अधिकतम प्रतिनिधित्व

गराउने र सम्बन्धित कार्यालयमा निर्वाचन गराई नामवली अनुमोदनका लागि केन्द्रीय समितिमा पठाउने दायित्व सम्बन्धित प्रदेश समितिको हुने छ ।

## ११. केन्द्रीय समिति[२३]

११.१ दफा १० (१) बमोजिम निर्वाचित केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूले आफूमध्येबाट निम्नानुसार पदाधिकारीहरू तथा सदस्यहरू भएको केन्द्रीय समितिको निर्वाचन गर्ने छन् ।

| | |
|---|---|
| (क) अध्यक्ष | – १ |
| (ख) वरिष्ठ उपाध्यक्ष | – १ |
| (ग) उपाध्यक्ष | – ३ (खुल्ला-२, समावेशी-१) |
| (घ) महासचिव | – १ |
| (ङ) उपमहासचिव | – २ |
| (च) सचिव | – ५ (खुल्ला-४, समावेशी-१) |
| (छ) कोषाध्यक्ष | – १ |
| (ज) सहकोषाध्यक्ष | – १ |
| (झ) सदस्य भूगोल | – ८ |
| (ञ) सदस्य (खुल्ला) | – ८ |
| (ट) सदस्य समावेशी | - १० (महिला-५, आदिवासी/जनजाति-२, मधेशी-२, दलित-१ |
| (ठ) प्रदेश अध्यक्ष (पदेन | – ८ |
| जम्मा | – ४९ |

**स्पष्टीकरण (ख)** : केन्द्रीय उपाध्यक्ष केन्द्रीय कार्यालयमा रहने, केन्द्रीय सदस्य एक/एक जना सबै प्रदेशमा रहने छन् । सम्बन्धित प्रदेश नै निजहरूको कार्यक्षेत्र रहने छ । यदि एक प्रदेशमा सम्बन्धित पदमा दुई वा दुईभन्दा बढी उम्मेदवारी पर्न आएमा सम्बन्धित प्रदेशका प्रतिनिधिहरूबाट

निर्वाचित हुनुपर्ने छ । सदस्य (खुला) प्रदेशमा आठभन्दा बढी उम्मेदवारी पर्न आएमा दफा १०.१ बमोजिमका प्रतिनिधिहरूबाट निर्वाचित हुनुपर्ने छ । प्रदेश समितिका पदाधिकारीहरूले केन्द्रीय समितिमा रिक्त रहेका पदमा उम्मेदवारी दिँदा तल्लो पद स्वतः रिक्त हुने छ । केन्द्रीय समितिमा रहने महिला सदस्य तथा आदिवासी, जनजाती, मधेसी र दलित सदस्यको कार्यक्षेत्र केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

## १२. कार्यकारिणी समिति[२४]

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | – १ |
| (ख) | वरिष्ठ उपाध्यक्ष | – १ |
| (ग) | उपाध्यक्ष | – ३ (खुल्ला-२, समावेशी-१) |
| (घ) | महासचिव | – १ |
| (ङ) | उपमहासचिव | – २ |
| (च) | सचिव | – (खुल्ला-४, समावेशी-१) |
| (छ) | कोषाध्यक्ष | – १ |
| (ज) | सहकोषाध्यक्ष | – १ |
| | जम्मा | – १५ जना |

## १३. केन्द्रीय परिषद्[२५]

देहायअनुसारका प्रतिनिधिहरू रहेको एक केन्द्रीय परिषद् रहने छ ।

(क) दफा ९.७ बमोजिम निर्धारण गरिएका क्षेत्रमा दफा ९.९ बमोजिम प्रदेश समितिका उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष परिषद्का पदेन सदस्य रहने छन् ।

(ख) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू – ४९ जना

(ग)[२६] केन्द्रीय लेखापरीक्षण समिति – ३ जना

(घ) केन्द्रीय समितिका सल्लाहकार - पदेन (बढीमा ९ जना)
(केन्द्रीय परिषद् सामान्यतया दुई केन्द्रीय महाधिवेशनका बिचमा एक पटक बस्ने छ ।)

(ङ) क. संघमा तपसिलबमोजिमका केन्द्रीय विभागहरू रहने छन् ।[२७]

- सङ्गठन विभाग
- प्रशिक्षण विभाग
- कार्यालय तथा प्रशासन विभाग
- प्रचार/प्रसार विभाग
- महिला विभाग
- विदेश विभाग
- युवा तथा अतिरिक्त क्रियाकलाप विभाग

ख. विभागमा रहने सदस्य तथा कार्यक्षेत्र संघको केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

ग. विभागका सदस्यको मर्यादाक्रम प्रदेश समितिका पदाधिकारी सरह हुने छ ।

घ. विभागमा बढीमा नौ सदस्य रहने छन् ।

## परिच्छेद – ९

## १४. पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार

समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

### १४.१ अध्यक्षको काम, कर्तव्य र अधिकार[२८]

(क) केन्द्रीय महाधिवेशन, परिषद्, केन्द्रीय समिति, र कार्यकारिणीको बैठकको अध्यक्षता गर्ने ।

(ख) संघको सर्वोच्च नेतृत्व गर्ने र संघका सम्पूर्ण कार्यहरूको रेखदेख गर्ने ।

(ग) बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

(घ) आकस्मिक निर्णय गर्नुपर्ने स्थिति भएमा तत्काल निर्णय लिई अनुमोदनका लागि निर्णय गरेपछिको कार्यकारिणी समिति, केन्द्रीय समितिको बैठकमा पेस गर्ने ।

(ङ) संघका विभिन्न पदाधिकारी तथा सदस्यहरूलाई विशेष जिम्मेवारी सुम्पी आवश्यक निर्देशन दिने र अनुगमन गर्ने ।

(च) केन्द्रीय समितिको बैठकबाट पछि अनुमोदन गराउने गरी भैपरी आउने कार्यका निमित्त केन्द्रीय समितिले निर्धारण गरेसम्मको रकम पेस्की स्वरूप खर्च गर्ने स्वीकृति दिन सक्ने ।

(छ) समितिको नियमित तथा आकस्मिक बैठक बोलाउन महासचिवलाई निर्देशन दिने ।

## १४.१ (क) वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार[२९]

(क) अध्यक्षको अनुपस्थितिमा केन्द्रीय समितिको कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

(ख) केन्द्रीय समितिले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) संघका अन्य आवश्यक कार्यहरू गर्ने ।

## १४.२ उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार[३०]

(क) अध्यक्ष र वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा केन्द्रीय समितिले तोकेको उपाध्यक्षले का.वा. अध्यक्ष भई कार्य गर्ने ।

(ख) उपाध्यक्षहरूका बिचमा कार्यक्षेत्र विभाजन गरी आ-आफ्नो कार्यक्षेत्रको योजना, कार्यक्रम र सुपरिवेक्षण गर्ने ।

(ग) संघका अन्य आवश्यक कार्यहरू गर्ने ।

(घ) अध्यक्षले अख्तियार प्रदान गरेमा अध्यक्षको काम, कर्तव्य कार्यान्वयन गर्ने गराउने ।

(ङ) केन्द्रीय समितिले दिएको जिम्मेवारी पूरा गर्ने ।

## १४.३ महासचिवको काम, कर्तव्य र अधिकार[३१]

(क) अध्यक्षसँग परामर्श गरी कार्यकारिणी समितिको बैठक बोलाउने र केन्द्रीय समितिको बैठक कार्यकारिणी समितिबाट निर्णय गरी बोलाउने ।

(ख) संघको केन्द्रीय कार्यालय सञ्चालनको नीतिगत व्यवस्था गर्ने, कार्यालय प्रशासनलाई निर्देशन र नियन्त्रण गर्ने ।

(ग) संघको साङ्गठनिक प्रतिवेदन तथा कार्यक्रम तयार गरी केन्द्रीय समिति, केन्द्रीय परिषद् र महाधिवेशनमा पेस गर्ने ।

(घ) संघको नगदी तथा जिन्सी सम्पत्तिहरूको रेखदेख र नियन्त्रण गर्ने ।

(ङ) संघका निर्णयहरू कार्यान्वयन गराउन विभिन्न मातहत समिति र समितिका पदाधिकारीहरूलाई निर्देशन दिने, अनुगमन गर्ने ।

(च) संघको कामका लागि पछि बस्ने बैठकमा अनुमोदन हुने गरी केन्द्रीय समितिले निर्धारण गरेको सीमासम्मको रकम खर्च गर्न सक्ने ।

(छ) संघको सुदृढीकरण तथा संघका निर्णयहरू प्रभावकारी कार्यान्वयनका लागि संघको प्रवक्ताको कार्य गर्ने तथा अन्य आवश्यक कार्यहरू गर्ने ।

(ज) केन्द्रीय समितिको पूर्ण बैठकमा छलफलका लागि लाने प्रस्ताव केन्द्रीय कार्यकारिणी समितिबाट पास गराई केन्द्रीय समितिमा पेस गर्ने ।

## १४.४ उपमहासचिवहरूको काम, कर्तव्य र अधिकार[३२]

(क) महासचिवले गर्ने कामहरूमा सहयोग गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा समितिबाट तोकिएका अवस्थामा कार्यवाहक महासचिवको काम गर्ने ।

(ग) संघको सुदृढीकरण तथा संघका निर्णयहरू प्रभावकारी कार्यान्वयनका

लागि अन्य आवश्यक कामहरू गर्ने ।

(घ) आवश्यकताअनुसार महासचिवले दिएको निर्देशानुसार कार्य गर्ने ।

(ङ) केन्द्रीय समितिले कार्य विभाजन गरेको अवस्थामा आफ्नो कार्यक्षेत्रभित्रका कार्यहरू गर्ने, गराउने र केन्द्रीय समितिलाई जानकारी दिने ।

## १४.५ सचिवको काम कर्तव्य र अधिकार[३३]

(क) महासचिव र उपमहासचिवले गर्ने काममा सहयोग गर्ने ।

(ख) उपमहासचिवको अनुपस्थितिमा समितिबाट तोकिएको अवस्थामा कार्यवाहक उपमहासचिवको काम गर्ने ।

## १४.६ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संघको आय-व्यय सम्बन्धी हरहिसाबको सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।

(ख) लेखापरीक्षण गराउने ।

(ग) संघको आर्थिक पक्ष सबल पार्नका लागि विभिन्न कार्यक्रमहरू तर्जुमा गरी केन्द्रीय समिति, केन्द्रीय परिषद् तथा महाधिवेशनमा पेस गर्ने ।

(घ) मातहतका समितिहरूको आर्थिक स्थिति तथा कारोबारको नियमित वा आकस्मिक निरीक्षण गर्ने ।

(ङ) आफ्ना केही अधिकार र कर्तव्य आफू स्वयम्को जवाफदेहितामा सहकोषाध्यक्षलाई प्रत्यायोजन गर्न सक्ने ।

(च) अन्य सम्पूर्ण आर्थिक कार्य गर्ने ।

## १४.७ सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) कोषाध्यक्षको कार्यसम्पादनमा सहयोग पुऱ्याउने ।

(ख) कोषाध्यक्षद्वारा प्रत्यायोजित अधिकार तथा कर्तव्यको पालना गर्ने ।
(ग) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्ने, गराउने अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

### १४.८ सदस्यहरूको काम, कर्तव्य र अधिकार

(क) संघले गरेका निर्णयहरू कार्यान्वयन गर्न, गराउन सक्रिय रहने ।
(ख) समिति तथा पदाधिकारीबाट सुम्पिएका विशेष जिम्मेवारी वहन गर्ने ।
(ग) संघको कामकारबाहीका विषयमा समितिलाई राय सुझाव दिने तथा सहयोग गर्ने ।
(घ) संघसँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।
(ङ) आफू सम्बन्धित रहेको कार्यक्षेत्रको प्रदेश समितिको कामको सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन गर्ने ।
(च) पदेन केन्द्रीय सदस्यले दफा २४ बमोजिम कार्य गर्ने ।

## परिच्छेद – १०

## अधिवेशन र समितिहरूको काम, कर्तव्य र अधिकार

### १५. प्रारम्भिक अधिवेशनको काम, कर्तव्य र अधिकार

१५.१ प्रारम्भिक समितिको निर्वाचन गर्ने,[३४] प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशनका लागि विधानबमोजिमका प्रतिनिधि छनोट गरी प्रदेश समितिमार्फत केन्द्रीय समितिमा पठाउने ।
१५.२ शाखास्तरको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।
१५.३ प्रारम्भिक समितिलाई उक्त समितिले गर्ने स्थानीयस्तरको कार्यका निमित्त माथिल्ला समितिका नीति-निर्देशन विपरीत नहुने गरी निर्देशन दिने ।
१५.४ केन्द्रीय समिति र अन्य समितिलाई सुझाव पठाउने ।

## १६. प्रारम्भिक समितिको काम कर्तव्य र अधिकार

१६.१ प्रारम्भिक अधिवेशनको निर्देशनलाई कार्यान्वयन गर्ने ।

१६.२ केन्द्रीय समिति, प्रदेश समिति[३५] र जिल्ला समितिले गरेका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

१६.३ संघका सदस्यहरूको अभिलेख राख्ने र फाँटवारीसहितको विवरण माथिल्लो समितिमा पठाउने ।

१६.४ स्थानीय समस्याहरू समाधान गर्न प्रयत्न गर्ने ।

१६.५ केन्द्रीय समिति र अन्य समितिलाई सुझाव पठाउने ।

१६.६ प्रारम्भिक अधिवेशन बोलाउने ।

## १७. जिल्ला अधिवेशन र समितिको काम, कर्तव्य र अधिकार

१७.१ जिल्ला समितिको निर्वाचन गराउने ।

१७.२ जिल्लास्तरीय कार्ययोजना बनाउने ।

१७.३ माथिल्लो समितिबाट प्रत्यायोजित भई आएका कार्य गर्ने र निर्देशन एवम् परिपत्र कार्यान्वयन गराउने ।

१७.४ जिल्ला समितिको काम, कर्तव्य र अधिकार विधानमा किटानी भएकोमा बाहेक क्षेत्राधिकारभित्र प्रदेश समितिकै प्रकृतिको हुने छ ।

१७.५ अन्य आवश्यक कार्य गर्ने ।

## १८. ..... (**छैटौँ महाधिवेशनबाट झिकिएको**)

## १९. प्रदेश अधिवेशन र समितिको काम, कर्तव्य र अधिकार

१९.१ प्रदेश समितिको निर्वाचन गराउने ।

१९.२ प्रदेश कार्ययोजना बनाउने ।

१९.३ केन्द्रीय महाधिवेशनका लागि विधानबमोजिम निर्धारित सङ्ख्यामा

छनोट भई आएका प्रतिनिधिहरू निर्धारित समयभित्र अनुमोदनका लागि केन्द्रीय समितिमा पठाउने ।

१९.४ संघको अन्य सम्बन्धित कार्यहरू गर्ने ।

१९.५ केन्द्रीय समितिबाट प्राप्त निर्देशनहरूको पालना गर्ने, गराउने ।

१९.६ प्रदेश समितिको काम, कर्तव्य र अधिकार विधानमा किटानी भएकोमा बाहेक वा केन्द्रीय समितिको निर्देशन विपरीत नहुने हदसम्म क्षेत्राधिकारभित्र केन्द्रीय समितिकै प्रकृतिको हुने छ ।

## १९.क प्रदेश कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार[३६]

(क) केन्द्रीय समिति, प्रदेश समितिले निर्देशन गरेका कार्य गर्ने ।

(ख) संघको कार्यालय व्यवस्थित रूपमा सञ्चालन गर्ने ।

(ग) प्रदेश समितिको दुई बैठकको बिचको अवधिमा प्रदेश समितिले गर्ने सम्पूर्ण कार्य गर्ने, गराउने र तत्काल बस्ने प्रदेश समितिको बैठकबाट अनुमोदन गराउने ।

(घ) प्रदेश समितिको आर्थिक हिसाब दुरुस्त राख्ने र राख्न लगाउने ।

(ङ) संघका अन्य सम्बन्धित काम गर्ने ।

## २०. केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार

२०.१ केन्द्रीय समितिको निर्वाचन गराउने ।

२०.२ संघको नीति तथा कार्यक्रम पारित गर्ने ।

२०.३ लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

२०.४ लेखापरीक्षण प्रतिवेदन प्राप्त गर्ने ।

२०.५ विनियम पारित गर्ने वा निर्माण गरी लागू गर्ने र केन्द्रीय समितिलाई अख्तियारी दिने ।

२०.६ केन्द्रीय लेखापरीक्षण समितिको निर्वाचन गर्ने ।

## २१. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार

२१.१ महाधिवेशनले निर्धारण गरेका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

२१.२ केन्द्रीय समितिको मातहतका समितिहरूलाई निर्देशन दिने ।

२१.३ परिच्छेद-१५ अनुरूपको कारबाही किनारा गर्ने ।

२१.४ संघलाई सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकताअनुसार विभिन्न उपसमितिहरूको गठन गरी अधिकार क्षेत्र तोक्ने ।

२१.५ लेखापरीक्षण गराउने ।

२१.६ आम कर्मचारीहरूको विशुद्व पेसागत हकहित र बैंकको सम्वर्द्वन हुने कार्यहरूका निमित्त पहल गर्ने ।

२१.७ आवश्यकता र औचित्यका आधारमा केन्द्रीय महाधिवेशनबाहेक केन्द्रीय समितिले अन्य विशेष निर्णय लिन सक्ने छ । तर यस्तो निर्णय तत्काल बस्ने केन्द्रीय परिषद्, महाधिवेशनबाट अनुमोदन गराउनुपर्ने छ ।

२१.८ आधिकारिक ट्रेड युनियनको मान्यता प्राप्त अवधिमा आधिकारिक ट्रेड युनियनका हैसियतले गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्ने, गराउने ।

२१.९ अन्य प्रतिष्ठानस्तरका ट्रेड युनियनहरूसँग सम्पर्क विस्तार गर्ने ।

२१.१०विशुद्व पेसागत ट्रेड युनियनहरूसँग सम्पर्क विस्तार गर्ने ।

२१.११ महाधिवेशन बोलाउने ।

२१.१२महाधिवेशन र परिषद्ले दिएका निर्देशन लगायत अन्य कार्य गर्ने ।

२१.१३विधानबमोजिम आवश्यक विनियम बनाई केन्द्रीय परिषद्मा र महाधिवेशनमा पेस गर्ने ।

२१.१४ यस विधानले दिएका अन्य कार्य गर्ने ।

## २२. केन्द्रीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार

२२.१ केन्द्रीय समितिले निर्देशन गरेका कार्यहरू गर्ने ।

२२.२ संघको केन्द्रीय कार्यालय सुव्यवस्थित तवरले सञ्चालन गर्ने ।

२२.३ केन्द्रीय समितिको दुई बैठकको बिचको अवधिमा केन्द्रीय समितिले गर्ने सम्पूर्ण काम गर्ने, गराउने र तत्काल बस्ने केन्द्रीय समितिको बैठकबाट अनुमोदन गराउने ।

२२.४ संघका सदस्यहरूको अभिलेख अद्यावधिक राख्ने ।

२२.५ आन्तरिक तथा बाह्य सेमिनार, गोष्ठी, तालिम, भ्रमण एवम् सहभागिताका लागि सदस्यहरूमध्येबाट प्रतिनिधिहरू छनोट गर्ने ।

२२.६ संघको आर्थिक हिसाब दुरुस्त राख्ने, राख्न लगाउने ।

## २३. केन्द्रीय परिषद्को काम, कर्तव्य र अधिकार

२३.१ महाधिवेशनले निर्धारण गरेका नीति तथा कार्यक्रमहरू केन्द्रीय समितिबाट कार्यान्वयन गर्ने, गराउने विषयमा सहयोग र निर्देशन दिने ।

२३.२ समय परिस्थितिले सृजना गरेका विषय र सन्दर्भलाई केन्द्रीय समितिले राय माग गरेमा राय पेस गर्ने वा निर्देशन दिने ।

२३.३ केन्द्रीय समितिको काम, कर्तव्य तथा अधिकार क्षेत्रबाट भए गरेका कामको मूल्याङ्कन गर्ने ।

२३.४ संघको उद्देश्यअनुरूप कामकारबाहीलाई प्रभावकारी गराउन केन्द्रीय समितिद्वारा प्रस्तुत कार्ययोजनालाई मूल्याङ्कन गरी आवश्यक सुझावसहित निर्देशन दिने ।

२३.५ प्रदेशगत समस्याहरू एकीकृत गरी समाधानका उपाय सम्बन्धमा कार्यान्वयनका निमित्त केन्द्रीय समितिलाई निर्देशन गर्ने ।

२३.६ आवश्यकताअनुसार विधान संशोधन गर्ने, विनिमय पारित गर्ने, पदपूर्ति गर्ने लगायतका अन्य कार्यहरू गर्ने ।

**स्पष्टीकरण :** यसरी गरिएका कार्यहरू महाधिवेशनद्वारा अनुमोदन गराउनुपर्ने छ ।

२४. मातहतका अन्य समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिमा मात्र हुने विशेष कार्यमा बाहेक वा केन्द्रीय समितिको निर्णय वा निर्देशन विपरीत नहुने गरी

आ-आफ्नो क्षेत्राधिकारभित्र केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूकै प्रकृतिको हुने छ ।

## परिच्छेद – ११

पद रिक्तता, पदपूर्ति र राजिनामा सम्बन्धी व्यवस्था

### २५. पद रिक्तता

२५.१ देहायको अवस्थामा पद रिक्त भएको मानिने छ ।

(क) समितिबाट राजिनामा दिई उक्त राजिनामा स्वीकृत भएमा

(ख) संघको सदस्य नरहेमा ।

(ग) कारबाहीमा परी खारेजीमा परेमा ।

(घ) सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा ।

### २६. पदपूर्ति

पदाधिकारीहरूको पद रिक्त हुन आएमा समितिमा बहुमतको सङ्ख्या मौजुदा रहेसम्म समितिले कार्यवाहक जिम्मेवारी तय गरी कार्य गर्ने छ । यसरी रिक्त हुन आएको पद केन्द्रीय समितिको हकमा केन्द्रीय परिषद्बाट पदपूर्ति हुने छ ।[३७]

केन्द्रीय परिषद् नबसेको अवस्थामा केन्द्रीय समितिमा रिक्त हुन आएको केन्द्रीय समितिको १० प्रतिशतसम्म पदको पदपूर्ति मौजुदा केन्द्रीय समितिको दुई तिहाई बहुमतले गर्न सक्ने छ । तर मनोनीत गर्दा एक कार्यकालमा एक पटक वा पटक पटक गरी १० प्रतिशतसम्म मात्र मनोनीत गर्न सकिने छ । प्रदेश समितिको भए केन्द्रीय समितिले र अन्य समितिको भए सम्बन्धित समितिको सिफारिसमा प्रदेश समितिले पदपूर्ति गर्ने छ ।

२६.१ दफा-२६ मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय समिति बाहेकका अन्य समितिको राजिनामा, पद रिक्तता, पदपूर्ति सम्बन्धी व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुने छ ।

**स्पष्टीकरण** : केन्द्रीय परिषद्ले पदपूर्ति गर्दा बहुमत सङ्ख्या रहेको हकमा मात्र रिक्त पदपूर्ति गर्न सक्ने छ ।

## २७. राजिनामा

केन्द्रीय समितिका अध्यक्षले उपाध्यक्षमार्फत केन्द्रीय समितिमा, मातहतका अध्यक्षहरूले माथिल्लो समितिमा र अन्य पदाधिकारी र सदस्यहरूले अध्यक्षमार्फत सम्बन्धित समितिमा राजिनामा दिन सक्ने छन् । यसरी प्राप्त हुन आएको राजिनामा सम्बन्धित समितिले स्वीकृत गर्न सक्ने छ ।

# परिच्छेद – १२

निर्वाचन, कार्यकाल र विघटन सम्बन्धी व्यवस्था

## २८. निर्वाचन सम्बन्धी व्यवस्था

२८.१ यस विधानअनुसार व्यवस्था भएका समितिहरूको निर्वाचनका लागि सम्बन्धित अधिवेशनबाट निर्वाचन समितिको व्यवस्था गरिने छ ।

२८.२ निर्वाचन समिति अधिकतम ५ जना सम्मको हुने छ ।

२८.३ यस विधानमा किटान भएका विषयहरू बाहेक निर्वाचन कार्यक्रम लगायत यस विधानको विपरीत नहुने गरी निर्वाचनका नियमहरू तोक्ने अधिकार निर्वाचन समितिमा हुने छ ।

२८.४ निर्वाचित पदाधिकारीहरूलाई निर्वाचित भएको प्रमाणपत्र निर्वाचन समितिले दिने छ ।

२८.५ निर्वाचन समितिका सदस्यहरूले सम्बन्धित निर्वाचनमा उम्मेदवारी दिन पाउने छैनन्, प्रतिनिधि रहेछन् भने मतदान गर्न यस दफाले वाधा पार्ने छैन ।

२८.६ निर्वाचन समितिले लोकतान्त्रिक निर्वाचन प्रणाली अवलम्बन गर्ने छ ।

२८.७ निर्वाचन समितिले निर्वाचन सम्पन्न गर्ने, गराउने सन्दर्भमा सहयोगका लागि उपसमितिहरू गठन गर्न सक्ने छ ।

२८.८ प्रत्येक समितिको निर्वाचन सम्बन्धित अधिवेशन, महाधिवेशनले गर्ने छ । मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णय हुने छ ।

२८.९ निर्वाचन विधि अनुसूची - ३ मा उल्लेख भएअनुसार हुने छ ।

२८.१० केन्द्रीय समितिमा रिक्त रहेका पदमा उम्मेदवारी दिँदा तल्लो पद स्वतः रिक्त हुने छ ।

## २९. कार्यकालसम्बन्धी व्यवस्था[३८]

केन्द्रीय समिति, केन्द्रीय महाधिवेशन, महाधिवेशन प्रतिनिधि, केन्द्रीय पार्षद्, केन्द्रीय लेखापरीक्षण समिति, प्रदेश समिति, प्रदेश अधिवेशन, प्रदेश अधिवेशन प्रतिनिधि, जिल्ला समिति, जिल्ला अधिवेशन, जिल्ला अधिवेशन प्रतिनिधिको कार्यकाल २ वर्षको हुने छ । प्रारम्भिक समितिको कार्यकाल एक वर्षको हुने छ ।

[३९]प्रदेश समिति, प्रदेश अधिवेशन प्रतिनिधि, जिल्ला समिति, जिल्ला अधिवेशन प्रतिनिधि र प्रारम्भिक समितिको कार्यकाल केन्द्रीय समितिले आवश्यकताअनुसार थपघट गर्न सक्ने छ ।

सम्बन्धित समितिको पदाधिकारी तथा प्रतिनिधि आफ्नो क्षेत्राधिकारको कार्यालयभन्दा बाहिर सरुवा भई गएमा निजको प्रतिनिधित्व स्वतः समाप्त हुने छ ।

विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक निर्वाचित समिति नबनेसम्म मौजुदा समिति विघटन भएको मानिने छैन ।

**स्पष्टीकरण :** महाधिवेशन प्रतिनिधिका हकमा केन्द्रीय समितिले अन्यथा निर्णय गरेको अवस्थामा बाहेक सरुवा भएका कारणले प्रतिनिधित्व समाप्त भएको मानिने छैन ।

### ३०. विघटन सम्बन्धी व्यवस्था :

३०.१ कुनै पनि समितिका पदाधिकारी सदस्यको मौजुदा सङ्ख्याको बहुमतले राजिनामा दिएमा समिति विघटन भएको मानिने छ । यसरी समिति विघटन हुन गएमा सम्बन्धित समितिको अधिवेशन बोलाई विधानअनुसार नयाँ समितिको निर्वाचन गरिने छ । तर अर्को समिति निर्वाचित नभएसम्मका लागि भने त्यही समिति कार्यरत हुने छ ।

३०.२ विधानअनुरूप समितिका विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा समिति विघटन भएको मानिने छ ।

३०.३ केन्द्रीय समितिको नीति, निर्देशन र संघको विधान विपरीत जाने मातहतका कुनै समितिलाई केन्द्रीय समितिले विघटन गर्न सक्ने छ । यसरी विघटन भएको अवस्थामा सम्बन्धित समितिको अधिवेशन गरी नयाँ समितिको निर्वाचन गर्नुपर्ने छ । यसरी नयाँ समिति नबनेसम्मको हकमा केन्द्रीय समितिले तोकेको व्यक्ति वा समितिले कार्य गर्ने छ ।

## परिच्छेद – १३

## महाधिवेशन वा अधिवेशन र बैठक सम्बन्धी कार्यविधि

### ३१. अधिवेशन र बैठक सम्बन्धी कार्यविधि[४०]

३१.१ महाधिवेशन सामान्यतया दुई/दुई वर्षमा बोलाइने छ ।

३१.२ कम्तीमा एकाउन्न प्रतिशत केन्द्रीय प्रतिनिधिले माग गरेमा

आकस्मिक महाधिवेशन केन्द्रीय समितिले बोलाउने छ ।

३१.३ प्रारम्भिक अधिवेशन सामान्यतया एक वर्षमा एक पटक बस्ने छ । प्रारम्भिक समिति वा अध्यक्षले आवश्यक ठानेमा वा साधारण सदस्यको बहुमतले लिखित रूपमा प्रारम्भिक अधिवेशनको माग गरेमा जुनसुकै समयमा पनि प्रारम्भिक अधिवेशन, समिति वा अध्यक्षले बोलाउने छन् ।

३१.४ प्रदेश तथा जिल्ला अधिवेशन प्रत्येक दुई वर्षमा बस्ने छ ।

## ३२. बैठकसम्बन्धी कार्यविधि

३२.१ समिति वा अधिवेशनको गणपूरक सङ्ख्या सामान्य बहुमतलाई मानिने छ ।

३२.२ पहिलो पटक बोलाइएको अधिवेशन/महाधिवेशनमा सामान्य बहुमतको उपस्थिति नभई पुनः बोलाइएको अधिवेशन, महाधिवेशनमा कुल सङ्ख्याको कम्तीमा एक तिहाई प्रतिनिधिहरूको उपस्थितिलाई पनि गणपूरक सङ्ख्या मानिने छ ।

३२.३ यस विधानमा किटानसाथ अन्य व्यवस्था भएकोमा बाहेक अधिवेशन तथा समितिको बैठकमा उपस्थित सङ्ख्याको बहुमतको निर्णयलाई अधिवेशन तथा समितिको निर्णय मानिने छ ।

३२.४ केन्द्रीय समितिको बैठक साधारणतया वर्षको ४ पटक बस्ने छ । तर केन्द्रीय समितिका सदस्यहरूको बहुमतले बैठक बस्न माग गरेमा वा असामान्य परिस्थिति परेमा जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्ने छ ।

३२.५ केन्द्रीय कार्यकारिणी समितिको बैठक सामान्यतयाः महिनामा एक पटक बस्ने छ र आवश्यकताअनुसार जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

३२.६ प्रदेश समितिको पूर्ण बैठक तीन महिनामा बस्ने छ । प्रदेश कार्यकारिणीको बैठक सामान्यतया प्रत्येक महिनामा बस्ने छ । आवश्यकताका आधारमा जहिलेसुकै पनि बस्न सक्ने छ ।

३२.६ क. जिल्ला समितिको बैठक हरेक तीन/तीन महिनामा बस्ने छ ।

३२.७ प्रारम्भिक समितिको बैठक प्रत्येक महिनामा बस्ने छ ।

३२.८ बैठकका निर्णयहरूको प्रमाणित निर्णय पुस्तिका राखिने छ ।

३२.९ बैठकको निर्णय उपर प्रमाणित गर्ने अधिकार पदाधिकारीलाई मात्र हुने छ ।

३२.१० समितिको बैठकमा असहमत सदस्यहरूले आफ्ना मत जाहेर गरी निर्णय पुस्तिकामा दस्तखत गर्न पाउने छन् । तर समितिको निर्णय भने असहमत सदस्यले पनि पालना गर्नुपर्ने छ । निर्णय पुस्तिकामा दर्ज भएको सुरक्षित मतलाई सम्बन्धित पदाधिकारी वा सदस्यले मतदानको बेला उपयोग गर्न पाउने छन् ।

३२.११ बैठकको मर्यादा र अनुशासनको पालना गराउने तथा बैठकलाई नियन्त्रण गर्ने अधिकार अध्यक्षलाई हुने छ ।

३२.१२ केन्द्रीय परिषद्को बैठक[४१] सामान्यतया दुई वटा महाधिवेशनबिचमा एक पटक बस्ने छ ।

## परिच्छेद – १४

## संघको कोष सञ्चालन र लेखापरीक्षण सम्बन्धी व्यवस्था

३३. यस संघको कोषको स्रोत देहायबमोजिम हुने छ ।

(क) सदस्यहरूको सदस्यता शुल्क

(ख) चन्दा, सहयोग, अनुदान

(ग) प्रतिबद्धता शुल्क

(घ) व्यवस्थापन पक्षवाट प्रप्त हुने जिन्सी तथा नगद

(ङ) विभिन्न आर्थिक क्रियाकलाप सञ्चालन गरी प्राप्त हुने रकम ।

(च) अन्य स्रोतबाट प्राप्त हुने जिन्सी तथा नगद सहयोग ।

## ३४. कोषको सञ्चालन

कोषको रकम बैंकमा खाता खोली राखिने छ । खाताको सञ्चालन केन्द्रीय समितिको हकमा अध्यक्ष, महासचिव मध्ये एक र कोषाध्यक्ष र सहकोषाध्यक्षमध्ये एक गरी दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ। मातहत समितिका हकमा अध्यक्ष, सचिवमध्ये एक र कोषाध्यक्ष एक गरी दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ । विशेष परिस्थितिमा केन्द्रीय समितिले निर्णय गरेबमोजिम हुने छ ।

## ३५. लेखापरीक्षणसम्बन्धी व्यवस्था

प्रत्येक वर्ष संघको वार्षिक हरहिसाबको लेखापरीक्षण नियुक्त लेखापरीक्षकद्वारा गराई त्यसको विवरण सम्बन्धित निकायमा पेस गरिने छ ।

## ३५.१ केन्द्रीय लेखापरीक्षण समितिको व्यवस्था[४२]

संघको वार्षिक हरहिसाबको लेखापरीक्षण गर्नका लागि एक संयोजक र दुई सदस्य रहने गरी तीन सदस्यीय केन्द्रीय लेखापरीक्षण समिति महाधिवेशनले निर्वाचित गर्ने छ। उक्त समितिले संघका सम्पूर्ण समितिको आवश्यकताअनुसारले लेखापरीक्षण गरी महाधिवेशन र केन्द्रीय परिषद्मा प्रतिवेदन पेस गर्ने छ । लेखापरीक्षण समितिले लेखापरीक्षण कार्यविधि तयार गर्ने छ र सो कार्यविधि केन्द्रीय समितिबाट स्वीकृत भएपछि लागू हुने छ ।

मर्यादाक्रम : केन्द्रीय लेखापरीक्षण समितिको संयोजक, केन्द्रीय कार्यकारिणी समिति र सदस्यहरू केन्द्रीय समितिको सदस्य सरह हुने छन् ।

केन्द्रीय लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार

(क) संघको केन्द्रीय समितिको आन्तरिक लेखापरीक्षण गर्ने र प्रदेश समितिहरूको आय-व्ययको वार्षिक लेखापरीक्षण गर्ने तथा लेखा व्यवस्थपनसम्बन्धी आवश्यक नियम एवम् कार्यविधि बनाउने ।

(ख) लेखापरीक्षण प्रतिवेदन केन्द्रीय परिषद् तथा महाधिवेशनमा पेस गर्ने ।

## परिच्छेद – १५

### ३६. निलम्बन तथा कारबाही

३६.१ कुनै पनि पदाधिकारी तथा सदस्यको निलम्बन नगरी यथावत राखी राखेमा संघको नीति, नियम, आदेश विपरीत काम कारबाही हुने देखिएमा र संघको गोपनीयता भङ्ग हुन सक्ने देखिएमा वा आशङ्का लागेमा पदाधिकारी वा सदस्यबाट निलम्बन गर्न सकिने छ ।[४३]

**यसरी निलम्बन गर्दा :**

(क) साधारण सदस्यका हकमा सम्बन्धित समितिको वा माथिल्लो समितिको बहुमतले निलम्बन गर्न सक्ने छ ।

(ख) पदाधिकारीका हकमा सम्बन्धित समितिले भए दुई तिहाई बहुमतले निलम्बन गरी कारबाही चलाउन सक्ने छ ।

(ग) केन्द्रीय समितिका पदाधिकारीलाई निलम्बन गर्नुपर्दा केन्द्रीय समितिको दुई तिहाई बहुमतले निलम्बन गरी कारबाही चलाउन सक्ने छ ।

माथि (क) अनुरूपको निलम्बनको कारबाहीको प्रक्रिया सम्बन्धित

समितिको सिफारिसमा माथिल्लो समितिले कारबाही किनारा गर्न सक्ने छ ।

माथि (ख) अनुरूपको निलम्बनको कारबाहीको प्रक्रिया सम्बन्धित समितिको सिफारिसमा माथिल्लो समितिले कारबाही किनारा गर्न सक्ने छ । माथि (ग) बमोजिमको निलम्बनको कारबाहीको प्रक्रिया सम्बन्धित समितिको सिफारिसमा महाधिवेशनले किनारा गर्न सक्ने छ । सो फैसला उपर कुनै उजुरी लाग्ने छैन ।

**स्पष्टीकरण :** माथि (क) बमोजिम कारबाही किनारा गर्ने आधिकारिक निकायले गरेको फैसला उपर ( प्रदेश समितिका पदाधिकारीबाहेक) माथिल्लो समितिमा तोकिएको समयभित्र पुनरावेदन लाग्ने छ । सो पुनरावेदनको सुनुवाई र फैसलामाथि चित्त नबुझे केन्द्रीय समिति समक्ष पुनरावेदन गर्न सकिने छ । केन्द्रीय समितिको निर्णय अन्तिम हुने छ ।

(ख) बमोजिमको कारबाही किनारा गर्ने अधिकार केन्द्रीय समितिलाई रहने छ । सोमा चित्त नबुझे तोकिएको अवधिभित्रमा निर्णय उपर पुनरर्विचारका निमित्त केन्द्रीय समितिमा पुनरावेदन गर्न सकिने छ । यसरी प्राप्त पुनरावेदन उपर केन्द्रीय समितिले पुनः विचार गर्ने छ र पुनः निर्णय दिने छ । सो निर्णय अन्तिम हुने छ ।

## ३६.२ निलम्बन गरिएकोमा कारबाही प्रक्रिया

(क) उपदफा-१ को खण्ड (क) (ख) र (ग) बमोजिम निलम्बनमा रहेका पदाधिकारी वा सदस्यहरूलाई निलम्बनमा राख्ने आधिकारिक निकायले निलम्बन गर्नुपरेको स्पष्ट कारणसहित आवश्यकता र गाम्भिर्यता समेतलाई विचार गरी उपयुक्त समय निर्धारण गरी सफाई पेस गर्ने मौका प्रदान गर्ने छ ।

(ख) निलम्बनमा रहेका पदाधिकारी वा सदस्यले आफूमाथि निलम्बन गर्न( नपर्ने र विधानतः थप कारबाही चलाउनु नपर्ने प्रमाणसहितको सफाई तोकिएको समयभित्र सम्बन्धित निकाय समक्ष दिनुपर्ने छ ।

(ग) सफाइको प्रमाण, अपराधको प्रकृति र मात्रा, त्यसले संघलाई पार्ने प्रभाव आदिलाई मध्यनजर राखी निम्नानुसारले कारबाही टुङ्ग्याइने छ ।

(१) सफाइ दिने ।

(२) सचेत गराउने, नसिहत दिने वा अन्तिम नसिहत दिने ।

(३) पदाधिकारीबाट मुक्त गर्ने वा पदाधिकारी हुन नपाउने ।

(४) साधारण सदस्यबाटै हटाउने ।

(घ) सो निर्णयमा चित्त नबुझेमा सजाय पाएको जानकारी प्राप्त भएका मितिले ३५ दिनभित्र तोकिएको निकायमा पुनारावेदन दिन सकिने छ ।

## ३७. निलम्बन नगरी कारबाही गर्न सकिने व्यवस्था

३७.१ संघको पदाधिकारी वा सदस्यहरूको कामकारबाहीका सिलसिलामा विधान, नियम, नीति तथा निर्देशन विपरीत हुन गएमा वा गोपनीयता भङ्ग गरी संघको मान मर्यादामा आँच पुग्ने वा हानी नोक्सानी पुग्ने कार्य हुन गएमा त्यस्ता पदाधिकारी वा सदस्यलाई कारबाही गर्न, निलम्बन गरी जाँचबुझ गरिरहन आवश्यक छैन भन्ने कुरा तोकिएको निकायलाई लागेमा अपराधको मात्रा हेरी तोकिएको निकायले निम्नानुसारको सजाय गर्न सक्ने छ ।

(क) सचेत गराउने ।

(ख) नसिहत दिने वा अन्तिम नसिहत दिने ।

(ग) आर्थिक असुल उपर गर्ने वा दण्ड गर्ने ।

(घ) पदाधिकारबाट हटाउने वा पदाधिकारी हुन नपाउने ।

(ङ) साधारण सदस्यबाट बर्खास्त गर्ने ।

**स्पष्टीकरण :**

माथिको उपदफा (१) बमोजिमको सजाय गर्दा सजाय पाउने पदाधिकारी वा सदस्यलाई तोकिएको निकायले सजाय दिन लागेको स्पष्ट व्यहोरा किटान गरी उपयुक्त समयावधि तोकी सफाइ पेस गर्ने मौका प्रदान गर्ने छ । तोकिएको अवधिभित्र सजाय प्रस्तावित भएको पदाधिकारी वा सदस्यले आफ्नो सबुत प्रमाणसहितको सफाइ पेस गर्नुपर्ने छ ।

३७.२ उपदफा ३७.१ बमोजिमको सजाय उपर ३५ दिनभित्र तोकिएको निकायमा पुनरावेदन गर्न सकिने छ ।

३७.३ उपदफा ३७.२ बमोजिम प्राप्त पुनरावेदन उपर तोकिएको निकायले अन्तिम निर्णय दिन सक्ने छ ।

**३८. सदस्यताको समाप्ति**

देहायको अवस्थामा सदस्यता समाप्ति हुने छ ।

३८.१ सदस्य कर्मचारीको मृत्यु भएमा ।

३८.२ संघको सदस्यबाट दिएको राजिनामा स्वीकृत भएमा ।

३८.३ बैंकको कर्मचारी नरहेमा ।

३८.४ तोकिएको अवधिभित्र सदस्यता नवीकरण नगरेमा ।

३८.५ मगज बिग्रेमा ।

३८.६ संघको विधानको आचरण विपरीत वा विधानमा उल्लिखित अन्य प्रावधान र नीति, निर्देशन वा आदेश विपरीतको कामकारबाही गरी यस विधानको दफा ३६.२ (ग) को ४ र दफा ३७.१ को (ङ) बमोजिम सजाय पाएका पदाधिकारी र सदस्यहरू ।

## परिच्छेद – १६

## विविध

३९. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि समितिहरूको निर्वाचनमा उम्मेदवार बन्न नेपाली नागरिक रहेको र कम्तीमा एक वर्ष अविछिन्न सेवा गरेको कर्मचारी मात्र योग्य हुने छ ।

### ४०. सल्लाहकार समिति

केन्द्रीय समितिलाई आवश्यक सल्लाह-सुझाव दिन बढीमा ९ जनासम्मको सल्लाहकार समिति गठन गरिने छ। प्रदेश समितिमा बढीमा ७ जनासम्मको र अन्य समितिका हकमा बढीमा ५ जनासम्मको सल्लाहकार समिति गठन गर्न सकिने छ । जसमध्ये एक जना सभापतिको चयन गरिने छ । सल्लाहकार समितिका सदस्यहरूको मर्यादा संघका सम्बन्धित समितिका सदस्यहरू सरह मानिने छ ।

**सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।**

(क) सल्लाहकार समितिका सभापतिले केन्द्रीय समितिका अध्यक्ष, महासचिव र अन्य समितिहरूका अध्यक्ष र सचिवसँग सल्लाह गरी सल्लाहकार समितिको बैठक बोलाई बैठकको सञ्चालन गर्ने छन् ।

(ख) संघका सम्पूर्ण समितिहरूका बैठकमा सल्लाहकार समितिका सभापति र सदस्यहरूले आमन्त्रित सदस्यका रूपमा भाग लिन सक्ने छन् । [४४]सल्लाहकार समितिका सभापतिको मर्यादाक्रम सम्बन्धित समितिका अध्यक्षभन्दा पछि रहने छ ।

(ग) सल्लाहकार समितिको बैठक आवश्यकताअनुसार बस्ने छ र संघको सम्बन्धित समितिलाई लिखित सुझाव तथा सल्लाह दिन सक्ने छ ।

(घ) सल्लाहकार समितिले संघका सम्बन्धित समिति एवम् त्यसका निर्णयलाई प्रभावित पार्ने मनसायले कुनै पनि निर्णय गर्न र सुझाव तथा सल्लाह प्रस्तुत गर्न सक्ने छैन ।

(ङ) केन्द्रीय समितिका हकमा अध्यक्ष, महासचिव र अन्य समितिका हकमा अध्यक्ष, सचिव र सम्बन्धित समितिले सल्लाह माग गरेको अवस्थामा लिखित वा मौखिक सल्लाह दिनु सल्लाहकार समितिको कर्तव्य हुने छ ।

(च) केन्द्रीय सल्लाहकार समिति र प्रदेश सल्लाहकार समितिमा कम्तीमा २ जना महिला हुनुपर्ने छ ।

४१. यस विधानअनुसार निर्वाचित पदाधिकारी तथा सदस्यहरूले निर्वाचन समिति समक्ष शपथ ग्रहण गर्नुपर्ने छ, जसको व्यहोरा अनुसुची - २ मा उल्लेख भएबमोजिम हुने छ ।

४२. ट्रेड युनियन ऐन-२०४९ मा व्यवस्था भएबमोजिम संघले व्यवस्थापन पक्ष समक्ष आफ्ना मागदाबी प्रस्तुत गर्ने छ । व्यवस्थापन पक्ष समक्ष संघद्वारा प्रस्तुत माग दाबी उपर कानुनतः सामूहिक सौदाबाजी गर्न संघले आफ्ना प्रतिनिधि मनोनयन गरी पठाउने छ ।

४३. संघले आवश्यक ठानेमा आफ्नो नाम परिवर्तन गरी सम्बन्धित निकायमा जानकारी दिन सक्ने छ । यसरी नाम परिवर्तन गर्ने अधिकार महाधिवेशनलाई मात्र रहने छ ।

## ४४. संघको सम्मिलन

यो संघ आफ्नो प्रतिष्ठानको अन्य कुनै प्रतिष्ठानस्तरको पेसागत ट्रेड युनियनसँग सम्मिलन हुन सक्ने छ ।

४५. यो संघ पेसागत ट्रेड युनियन संघ तथा महासंघमा आबद्ध हुन सक्ने छ ।

## ४६. विधान संशोधन

विधान संशोधनको अधिकार केन्द्रीय महाधिवेशनलाई हुने छ। महाधिवेशनमा उपस्थित प्रतिनिधि सङ्ख्याको एक चौथाइले संशोधन प्रस्ताव पेस गर्न सक्ने छन् । यस्तो प्रस्ताव निर्णयार्थ पेस गरी उपस्थित प्रतिनिधिको बहुमतले पास गरेमा विधान संशोधन हुने छ । तर महाधिवेशन नबसेको अवस्थामा विधान संशोधन गर्न आवश्यक भएमा पछि बस्ने केन्द्रीय महाधिवेशनले अनुमोदन गर्ने गरी केन्द्रीय परिषद्को बैठकमा उपस्थित पार्षद्हरूको एक चौथाइले प्रस्ताव पेस गरी दुई तिहाइ बहुमतले विधान संशोधन गर्न सक्ने छ । केन्द्रीय समितिका तर्फबाट महासचिवले विधान संशोधन प्रस्ताव गर्न सक्ने छन ।

४७. यो विधान महाधिवेशनले पारित गरिसकेपछि दर्ताका लागि आवश्यक संशोधन एवम् काँटछाँट गर्नुपर्ने भएमा सो समेत गरी दर्ता गर्ने अधिकार केन्द्रीय समिति वा केन्द्रीय समितिले अख्तियारी दिएको व्यक्तिलाई हुने छ ।

४८. संघको कामकारबाही सुचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकताअनुसार सम्बन्धित समितिले कर्मचारी नियुक्त गर्न सक्ने छ । यसरी नियुक्त हुने कर्मचारीको सेवासर्त, सुविधा सम्बन्धित समितिले तोकेबमोजिम हुने छ ।

४९. यो विधान पारित र दर्ता हुनु अगाडि भए, गरेका कामकारबाहीहरू यसै विधानबमोजिम भए, गरेको मानिने छ ।

५०. स्थानीय सौदाबाजी गर्ने अख्तियारी मातहतका समितिहरूलाई केन्द्रीय समितिले प्रत्यायोजन गर्न सक्ने छ ।

५१. संघका तीन चौथाई साधारण सदस्यहरूले लिखितरूपमा संघको विघटनका लागि माग गरेमा वा प्रचलित ऐन, नियमको प्रावधानका आधारमा संघको विघटन हुन सक्ने छ ।

५२. दफा-५१ बमोजिम संघको विघटन भएमा मौजुदा सम्पत्ति र दायित्व ट्रेड युनियन ऐन र नियमावलीमा भएको व्यवस्थाबमोजिम हुने छ ।

५३. यो विधानको व्याख्या गर्ने अधिकार महाधिवेशनलाई; महाधिवेशन नबसेको अवस्थामा केन्द्रीय समितिलाई र केन्द्रीय समितिको बैठक पनि नबसेको अवस्थामा कार्यकारिणी समितिलाई हुने छ । कार्यकारिणी समितिको बैठक पनि नबसेको अवस्थामा महासचिवलाई हुने छ ।

**स्पष्टीकरण** : महासचिवले गरेको व्याख्या तत्काल बस्ने कार्यकारिणी समिति वा केन्द्रीय समितिबाट अनुमोदन गराउनुपर्ने छ । सम्बन्धित समितिले गरेको व्याख्या महाधिवेशनले बदर नगरेमा स्वतः अनुमोदित भएको मानिने छ ।

५४. यस विधानमा उल्लेख भएका विषयहरू ट्रेड युनियन ऐन - २०४९ र नियमावली - २०५० सँग बाझिएको हदसम्म स्वतः निस्कृय हुने छन् ।

५५. कार्यकारिणी समितिका पदाधिकारीलाई निर्वाचन भएको मितिले एक महिनाभित्र व्यवस्थापनले केन्द्रीय कार्यालय (कार्यकारी प्रमुख रहेको भवन) मा र अन्य पदाधिकारी, सदस्य तथा मातहतका समितिका पदाधिकारी तथा सदस्यहरूलाई संघले तोकेको स्थानमा सरुवा गर्नुपर्ने छ ।

**५६. बाधा अड्चन फुकाउ**

महाधिवेशन नबसेको अवस्थामा यस विधानमा स्पष्ट व्यवस्था भएकोमा बाहेक यस विधानलाई लागू गर्न केन्द्रीय समितिले आवश्यक निर्णय गर्न सक्ने छ । त्यस्तो निर्णय लगत्तै बस्ने परिषद् वा केन्द्रीय महाधिवेशनमा अनुमोदनका लागि पेस हुने छ ।

**५७. अविश्वास प्रस्ताव सम्बन्धी कार्यविधि**

सम्बन्धित महाधिवेशन/अधिवेशनका एक तिहाई प्रतिनिधिहरूले संयुक्त हस्ताक्षर गरी समिति, पदाधिकारी वा सदस्यका विरुद्ध

महाधिवेशन/अधिवेशन अध्यक्ष समक्ष अविश्वास प्रस्ताव दर्ता गराउन सक्ने छन् । त्यस्तो प्रस्ताव महाधिवेशन/अधिवेशन अध्यक्षले अधिवेशन सक्नु अगावै निर्णयार्थ प्रस्तुत गर्ने छन् ।

५८. हरेक समितिले उक्त समितिको माहाधिवेशन/अधिवेशनमा आवश्यकताअनुसार पर्यवेक्षकहरूको व्यवस्था गर्न सक्ने छन् ।

५९. संघको महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय परिषद्, प्रदेश समिति, प्रदेश अधिवेशन लगायत संघका विभिन्न निकायमा विभिन्न क्षेत्र, महिला, जनजाति, आदिवासी, मधेसी, दलित आदिको समुचित प्रतिनिधित्वका निमित्त प्रयास गर्नुपर्ने छ ।

## अनुसूची – १

(क) संघको छाप

संघको प्रतिक चिह्न अङ्कित भई गोलाकारमा रहने छ ।

(ख) संघको झण्डा

झण्डाको रङ्ग माथिल्लो आधा भागमा रातो र तल्लो आधामा निलो रहने छ । झण्डाको ठिकबिच भागमा प्रतीक चिन्ह (लोगो) रहने छ । लोगोमा अन्य भाग कालो  र हात मिलाइएको भाग रातो रहने छ । लम्बाई/चौडाई ३:२ को अनुपातमा हुने छ ।

(ग) प्रतिक चिन्ह (लोगो) राष्ट्रिय वाणिज्य बैंकको प्रतीक चिन्हको तल मिलाइरहेको दुई हातसमेत रहेको संघको चिन्ह हुने छ ।

(घं) संघको लोगोमा “स्था. २०४७” लेखिने छ ।

## अनुसूची - २

शपथ ग्रहणको व्यहोरा

म/हामी ................ यस राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी नेपालको ............ समितिको ....... पदमा संघको विधानअन्तर्गत रही यो शपथ लिन्छु/लिन्छौँ कि आफ्नो कार्यभारलाई इमानदारीपूर्वक, कसैको नाजायज प्रभावमा नपरी, आफूले जाने-बुझेसम्म संघको उद्देश्य परिपूर्ति गराउनका लागि लगनशीलताका साथ कटिबद्ध एवम् प्रतिबद्ध रहँदै आफ्नो क्षमताले भ्याएसम्म पूरा गर्ने छु/छौँ ।

रा.बा.बैक लि. - जिन्दावाद ।

रा.बा.बैंक कर्मचारी संघ नेपाल - जिन्दावाद ।

कर्मचारी एकता अमर रहोस् ।

# अनुसूची - ३

(परिच्छेद-१२ दफा २८.९ सँग सम्बन्धित)

१. प्रारम्भिक, जिल्ला, प्रदेश, केन्द्रीय समितिका पदाधिकारीहरूको निर्वाचनका लागि सम्बन्धित अधिवेशन/महाधिवेशन प्रतिनिधिहरूको सहमतिबाट एक निर्वाचन समितिको गठन गरिने छ ।

२. निर्वाचन समितिमा रहेका व्यक्तिहरू कुनै पनि पदका लागि निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् । निर्वाचन समितिमा रहेका व्यक्ति स्वयम् प्रतिनिधि भएमा निजले आफ्नो मतको प्रयोग गर्ने अधिकारबाट बञ्चित हुने छैनन् ।

३. निर्वाचन गोप्य मतदानद्वारा गरिने छ ।

४. निर्वाचनका क्रममा मतदाता नामवली प्रकाशन, नामावली उपर दाबी विरोध, मतदाताको अन्तिम नामावली प्रकाशन सम्बन्धी समय निर्धारण गरी निर्वाचन समितिले सूचना प्रकाशित गर्ने छ ।

५. निर्वाचन समितिले निर्वाचनका लागि उम्मेदवारी दर्ता गराउने मिति, स्थान र समय तोक्ने छ ।

६. निर्वाचनको स्थान र समयका हकमा सम्बन्धित समितिको अनुकूलताबमोजिम निर्वाचन समितिले निर्धारण गरी सूचना गरेबमोजिम हुने छ ।

७. निर्वाचनका लागि निर्वाचन समितिद्वारा तोकिएको उम्मेदवारी दस्तुरसहित उम्मेदवारी दर्ता गराउनु अनिवार्य हुने छ । उम्मेदवारी दर्ता निर्वाचन गराउनु पर्ने छ । निर्वाचन समितिमा प्राप्त दस्तुर फिर्ता हुने छैन ।

८. नियमपूर्वक दर्ता भएको उम्मेदवारी उपर दाबी विरोध गर्ने, फिर्ता लिने, अन्तिम नामावली प्रकाशन समय निर्धारण निर्वाचन समितिले गरेबमोजिम हुने छ ।

९. उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन समितिले निर्वाचनका लागि खडा भएका सम्पूर्ण अन्तिम उम्मेदवारहरूको नामावली

जानकारीका निमित्त सूचनाद्वारा प्रकाशित गर्नुपर्ने छ ।

१०. निर्वाचन गर्ने स्थान, मतपत्र लगायत निर्वाचनसम्बन्धी आवश्यक व्यवस्था सामान्यतः प्रचलित कार्यविधिअनुसार निर्वाचन अधिकृतले तयार गरी जानकारी दिनुपर्ने छ ।

११. निर्धारित स्थानमा (√) चिन्ह लगाई मत सङ्केत गर्नुपर्ने छ ।

१२. मतपत्र सदर/बदर गर्ने बारेमा निर्वाचन अधिकृतले विद्यमान निर्वाचनसम्बन्धी नियम कानुनको परिधिमा रही निर्णय दिनुपर्ने छ । तर त्यस्तो कुरा निर्वाचनमा भाग लिने सम्पूर्ण मतदाताहरूको जानकारीका निमित्त सूचना गर्नुपर्ने छ ।

१३. मतगणना गर्दा उम्मेदवारहरू वा निजहरूले मनोनयन गरेका प्रतिनिधिहरूको रोहबरमा गर्नुपर्ने छ । तर कुनै कारणवश उम्मेदवार वा निजहरू प्रतिनिधि नरहेको अवस्थामा नियमपूर्वक मत गणना भई घोषणा भएमा प्रतिनिधि वा उम्मेदवार उपस्थित नभएको कारणबाट निर्वाचन बदर हुने छैन ।

१४. मतदान समाप्त भए लगतै मतगणना सुरु गर्नुपर्ने छ र नसकिएसम्म लगातार जारी राख्नुपर्ने छ ।

१५. मत गणना समाप्त भएपछि निर्वाचन अधिकृतले बहुमत प्राप्त गर्ने उम्मेदवार विजयी भएको घोषणा गर्ने छन् ।

१६. मत गणना गर्दा मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णण गरिने छ ।

१७. मतदान बदर गर्नुपर्ने कुनै कारण देखिएमा मतदान अधिकृतले सोको निर्णय गरी जानकारी गराउने छ । तर साधारणतः उपयुक्त कारण नपरी मतदान बदर हुने छैन । कस्तो अवस्थामा निर्वाचन बदर गर्ने भन्ने बारेमा निर्वाचन कानुनका सर्वमान्य सिद्धान्तहरू अवलम्बन गर्नुपर्ने छ । त्यस्तो अवस्थामा निर्वाचन समितिका सम्पूर्ण सदस्य र प्रतिनिधिहरूको सहमतिबाट नियम निर्धारण गरी निर्वाचन सञ्चालन गर्न माथि उल्लिखित नियमले बाधा पर्ने छैन ।

१८. लेखपढ गर्न नजान्ने वा नसक्ने प्रतिनिधिले मतदान गर्ने कार्यमा समस्या उत्पन्न भएमा र सो कुरा निर्वाचन समितिलाई समेत महसुस भएमा निजले इच्छाएको व्यक्तिमार्फत मतदान गर्ने व्यवस्था मिलाइने छ ।

सम्पूर्ण कर्मचारीहरू एकजुट होऔं ।
पेशागत हक, हित र संस्थाको सम्वर्द्धन गरौं ॥

**"कर्मचारी हक हित र बैंकको सम्वर्द्धन ट्रेड यूनियनको मान्यता, संस्थाप्रति जवाफदेही व्यवस्थापन आजको आवश्यकता" ।**

सहयोग रु. १०० ।-

**राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल**